# <u>बहुवर्षीय आयोजनाको स्रोत सहमति सम्बन्धी (पहिलो संशोधन) मापदण्ड, २०८२</u>

१. प्रत्यायोजित विधायन जारी गर्ने मन्त्रालयः अर्थ मन्त्रालय
२. निर्णय गर्ने अधिकारीः मा. अर्थ मन्त्री
३. निर्णय मितिः २०८२/१२/२०
४. दर्ता नं. र मितिः ३०/०८२, २०८२/१२/२३

<u>प्रस्तावनाः</u> बहुवर्षीय आयोजनाको स्रोत सहमति सम्बन्धी मापदण्ड, २०८२ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपाल सरकार, अर्थ मन्त्रालयले यो मापदण्ड बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u> :** (१) यस मापदण्डको नाम "बहुवर्षीय आयोजनाको स्रोत सहमति सम्बन्धी (पहिलो संशोधन) मापदण्ड, २०८२" रहेको छ।

(२) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>बहुवर्षीय आयोजनाको स्रोत सहमति सम्बन्धी मापदण्ड, २०८२ को दफा ४ मा संशोधन</u> :** बहुवर्षीय आयोजनाको स्रोत सहमति सम्बन्धी मापदण्ड, २०८२ (यसपछि "मूल मापदण्ड" भनिएको) को दफा ४ को उपदफा (६) पछि देहायको उपदफा (७) थपिएको छ **:-**

"(७) आयोगमा उपाध्यक्ष नियुक्त नभएको अवस्थामा आयोगको सदस्य सचिवले यस मापदण्ड बमोजिम आयोगले गर्ने कार्य गर्नेछ।"

३. **<u>मूल मापदण्डमा दफा ६क. थप</u> :** मूल मापदण्डको दफा ६ पछि देहायको दफा ६क. थपिएको छ **:-**

**"६क. <u>बहुवर्षीय खरिद सम्झौता अन्त्य भएका आयोजनाको पुनः खरिद सम्झौता</u> :** (१) खरिद सम्झौता अन्त्य भएका आयोजनाहरुको खरिद सम्झौतामा उल्लिखित कामको परिमाण (स्कोप अफ वर्क) मा वृद्धि नहुने गरी प्रचलित कानून बमोजिम लगत इष्टिमेट तयार गरी सम्बन्धित मन्त्रालयले पुनः खरिद प्रक्रिया अगाडि बढाउन सक्नेछ। पुनः खरिद प्रक्रिया अगाडि बढाउदा साविक लागतमा भएको वृद्धिको जानकारी राष्ट्रिय योजना आयोग र मन्त्रालयलाई गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पुनः खरिद प्रक्रिया अगाडि बढाइएका आयोजनाको रकम सम्बन्धित मन्त्रालयको बजेट सीमाभित्र रही अनिवार्य रुपमा आगामी आर्थिक वर्षको बजेटमा प्रस्ताव गर्नु पर्नेछ।"

४. **<u>मूल मापदण्डको दफा ७ मा संशोधन</u> :** मूल मापदण्डको दफा ७ को,-

(१) खण्ड (ख) मा रहेका “माघ पन्ध्र” भन्ने शब्दहरुको सट्टा “बैशाख पन्ध्र” भन्ने शब्दहरु राखिएका छन्।

(२) खण्ड (ग) मा रहेका “माघ मसान्तभित्र” भन्ने शब्दहरुको सट्टा “बैशाख मसान्तभित्र” भन्ने शब्दहरु राखिएका छन्।